मिति २०८१ साल कार्तिक महिनाको २० गते देखी २०८१ मंसिर २ गते सम्म बेनीघाट रोराङ गाउँपालिकाको आयोजनामा एकिकृत कार्यक्रम घुम्ती शिविर कार्यक्रम सञ्चालन भएको थियो। शिविर कार्यक्रम यसै गाउँपालिकाको वडा नं. १० सिमटार देखी सुरु भइ वडा नं. ६ स्यादुल हुँदै वडा नं. ४ ईराङमा गएर सम्पन्न भएको थियो। एकिकृत घुम्ती शिविर कार्यक्रम बेनीघाट रोराङ गाउँपालिकाको स्वास्थ्य शाखा ले पनि स्वास्थ्य परीक्षण उपचार तथा परामर्श कार्यक्रम सञ्चालन गरेको थियो। समुदायमा र गाउँगाउँमा स्वास्थ्य सेवा पुर्याउने हेतुले डमक्टर सहितको टोली तिन दिन सम्म निरन्तर शिविरमा सहभागी थियो। एकिकृत घुम्ती शिविरको स्वास्थ्य तर्फबाट पनि समुदायमा स्वास्थ्यमा प्रत्यक्ष सहभागिता र जनताको घरमा पुर्याउने शिविरमा प्रत्यक्ष सहभागी रहेमो थियो। बेनीघाट रोराङ गाउँपालिकाको मुख्य लक्ष्य ध्यय र योजनालाई आत्माशाथ गर्दै थप गुणस्तर सेवा जनताको घर दैलोमा पुर्याउने उद्देश्यले शिविर सञ्चालन भएको थियो।

एकिकृत शिविरमा स्वास्थय शाखा निम्न उद्देश्य लिएर शिविरमा सहभागी भएको थियो।

१. समुदायमा चिकित्सा सेवाबाट वञ्चित विरामीहरुलाई चिकित्सा सेवा प्रदान गर्ने।
२. समुदायमा वृद्धि हुँदै गएको नसर्ने रोगको खोजपताल र उपचारको दायरामा ल्याउने।
३. अस्पतालको सेवा गाउँगाउँ पुर्याउने।
४. विरामी जाँच गरी निःशुल्क औषधी वितरण गर्ने।
५. समुदायमा नसर्ने रोगको पहिचान गर्ने।
६. परिवार नियोजन अर्थात साधन -------- सेवा प्रदान गर्ने।

सेवा ग्राहीको विवरण

वडा नं.१

१. महिला सेवाग्राही- २६
२. पुरुष सेवाग्राही- २७
३. जम्मा सेवाग्राही- ५२
४. नसर्ने रोग पत्ता लागेका सेवाग्राही (प्रेसर २, सुगर २, जम्मा — ४ जना)
५. सामान्य उपचार पाएका सेवाग्राहीहरु-४८
६. परिवार नियोजन पाएका सेवाग्राहीहर -५

वडा नं.६

जम्मा महिला  सेवाग्राही -७४

जम्मा पुरुष सेवाग्राही -४०

जम्मा सेवाग्राही-११४

नसर्ने रोग पत्ता लागेका सेवाग्राही

१.सुगर-९

२.प्रेसर-५

३.COPD-१
जम्मा -१६
औषधी उपचार प्राप्त गरेका सेवाग्राही -११४
वडा नं.४
जम्मा महिला सेवा ग्राही -४९
पुरुष सेवा ग्राही -४५
नसर्ने सेवा ग्राही -९४
नसर्ने रोग पत्ता लागेका सेवाग्राही HTN -२
DDM-2
जम्मा -४
औषधी पाएका सेवाग्राही -९४
शिविरको उपलब्धी तथा राम्रो पक्ष
१.न्यून स्रोत साधनमा गाउँपालिकाको सम्पूर्ण सेवा एकै स्थानमा प्राप्त गर्न सकिने
२.समुदायमा लुप्त अवस्थामा रहेको नसर्ने रोगको नयाँ विरामी पहिचान गरी उपचारको सुरुवाती गरेको छ।
३.समुदायबाट पनि सेवा प्रति सन्तोष जनक रहेको पाइएको
शिविरमा प्रदान गरेका सेवाहरु
१.डाक्टरद्वारा स्वास्थ्य परीक्षण गरिएको
२.परिवार नियोजनको अस्थाइ साधन इन्पाल्ट १ जनालाई राखेको र ४ जनालाई निकालेको
३. नसर्ने रोगको स्कृनिङ गरेको जसमा प्रेसर ३ जनालाई सुगर (DDM) १३ जनालाई र COPD २ जनालाई पत्ता लागी उपचार गरेको छ।
४. निःशुल्क औषधी वितरण सेवा
५. परामर्श तथा स्वास्थ्य सेवा
सेवा प्रदान गर्ने कर्मचारी विवरण

१. डा.उद्धव बहादुर थपलिया बेनीघाट अस्पताल
२. बजेश तामाङ स्वास्थ्य शाखा
३. रुपेश कुमार उपाध्य चरौदी आ.स्वा.सेवा केन्द्र
४. कुमार चेपाङ स्वास्थ्य शाखा
५. पुरुषोत्तम अर्याल स्यादुल स्वास्थ्य सेवा इकाइ
६. नन्दिना कुमारी शाही जरुङ आ.स्वा.केन्द्र
७. विनिता नेपाली जरुङ आ.स्वा.केन्द्र
८. सम्झना श्रेष्ठ इराङ स्वास्थ्य सेवा केन्द्र

९. जयन्ती भुजेल इराङ स्वास्थ्य सेवा केन्द्र

चुनौतीहरु

एकिकृत घुम्ती शिविरमा सत प्रतिशत सेवा ग्राहीलाई सेवा दिन सकिएन। सेवा ग्राहीलाई समयमा खवर राम्रोसँग नभएको पाइयो। एकिकृत शिविरको बारेमा समुदायमा राम्रो सँग सूचना प्रवाह नभएकोले कुनै वडामा समुदायको उपस्थिति पातलो भयो। आगामी शिविर सञ्चालन गर्दा समुदायमा सूचना र शिविर सञ्चालन हुने स्थानको राम्रो व्यवस्था गर्नु पर्ने देखिन्छ।